नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. : ०१-४२००३०६
फ्याक्स नं : ०१-४२००२८३
Email: ems.mofald@gmail.com
webpage:www.mofald.gov.np
सिंहदरबार, काठमाडौं

पत्र संख्या (वा.व्य.शा.) : ०७३/७४ मिति:२०७३/११/२३
चलानी नं. : १६९

बिषय : निर्णय कार्यान्वयन गर्ने बारे ।

श्री काठमाडौं महानगरपालिकाको कार्यालय,
श्री ललितपुर उप-महानगरपालिकाको कार्यालय,
श्री फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र, ललितपुर,
श्री गोकर्णेश्वर, गोदावरी, महालक्ष्मी,कागेश्वरी-मनोहरा, शंखरापुर, कीर्तिपुर, भक्तपुर र दक्षिणकाली नगरपालिकाको कार्यालय ।

मिति २०७३/११/२८ गतेका दिन वाग्मती सरसफाई महाभियानको २०० औं हप्ताको सरसफाई कार्यक्रम आयोजनालाई कार्यान्वयन गर्ने सम्बन्धमा यस मन्त्रालयमा माथि उल्लेख भएका सम्बन्धित कार्यालय तथा नगरपालिकाहरुसँग भएको बैठकको निर्णय यसै साथ संलग्न रहेको छ। यस निर्णय अनुसार मिति २०७३/११/२८ गते वाग्मती सरसफाई महाभियानलाई सफल बनाउनको लागि आवश्यक व्यवस्था तथा समन्वय गर्नुहुन आदेशानुसार अनुरोध छ ।

मिति २०७३/११/२३ को निर्णय

१. २०७३ फागुन २८ गते शनिबार बिहान ७ बजे देखि ९:१५ बजे सम्म हुने बागमती सरसफाई महाअभियानलाई सफल तुल्याउन आ-आफ्नो नगरपालिका क्षेत्रका संघ-संस्था, टोल विकास समिति, सरकारी एवं गैर-सरकारी निकाय, क्लब, बिद्यालय, आमा समूह, सहकारी, एन आर एन, वडा सामुदायिक मंच एवं स्थानीय समुदायलाई परिचालन गर्ने ।
२. यो अभियानलाई सफल तुल्याउन आवश्यक पर्ने पन्जा, मास्क, फोहर उठाउने औजार तथा उपकरण आदिको व्यवस्था सम्बन्धित नगरपालिकाले गर्ने ।
३. सरसफाई महाभियानका लागि तोकिनुभएका अभियन्तासँग सम्पर्क एवं समन्वय गरी कार्यक्रमलाई प्रभावकारी तुल्याउन आवश्यक बैठक, प्रचार प्रसार लगायतका कामहरु गर्ने ।
४. सरसफाई महाभियानका लागि काठमाण्डौ महानगरपालिका, कागेश्वरी-मनोहरा, गोकर्णेश्वर तथा दक्षिणकाली नगरपालिकाले आफुलाई आवश्यक मास्क, पन्जा तथा जुत्ता उपयुक्त परिमाणमा उपलब्ध गराउनको लागि फोहरमैला प्राविधिक सहयोग केन्द्रलाई अनुरोध गर्ने ।

बोधार्थ
श्री सूचना शाखा तथा विद्युतीय शासन शाखा : वेव साइटमा पत्र राखिदिनुहुन ।

२०७३।११।२३

एकदेव खनाल
शाखा अधिकृत